# सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग, पुल्चोक ललितपुर

## प्रेस विज्ञप्ति

प्रकाशित मितिः २०७९/७/१५

(विषयः अभियोग पत्र दायर गरिएको सम्बन्धमा।)

साविक चाँदनी-६ कञ्चनपुर जिल्ला घर भई हाल काठमाण्डौ जिल्ला सुकेधारा बस्ने बर्ष ४९ को सुरेन्द्र बहादुर सिंह समेतका विरुद्ध यस विभागमा सम्पत्ति शुद्धीकरणको कसुर गरेकोले कारवाही गरी पाउँ भनी विभिन्न मितिमा दर्ता हुन आएका उजुरीहरु उपर सम्पत्ति शुद्धीकरणको कसुरमा जाँचबुझ तथा अनुसन्धान हुँदा प्रतिवादी सुरेन्द्रबहादुर सिंहले विदेशी मुद्रा(भा.रु), अमेरिकी डलरको अबैध कारोबार सम्बन्धी कसुर, जुवा सम्बन्धी कसूर लगायतका सम्बद्ध कसुर (अदालतमा विचाराधीन रहेका समेत) समेतबाट आर्जन गरेको सम्पत्तिको गैह्र-कानुनी स्रोतको तह-तह रुपान्तरण, परिवर्तन, छल्ने, बदल्ने, हस्तान्तरण गर्ने समेतका निषेधित कार्यहरु गरी गराई प्रत्यक्ष रुपमा त्यस्तो सम्पत्ति पुनः प्राप्त भोगचलन, उपयोग, उपभोग र धारण समेतका कानुनले निषेधित कार्यहरुमा प्रतिवादी जयन्ती थापा मगर समेतको मिलोमतोमा कृत्रिम आर्थिक कारोबार देखाई कारोवारको आर्थिक एवं कानुनी उद्देश्य लुकाउने तथा कारोबारमा जटिलता सृजना गर्ने समेतका कार्यहरु गरी गराई सम्वद्ध कसूरजन्य कार्यबाट प्राप्त सम्पत्ति वा गैर-कानूनी रुपमा आर्जित सम्पत्ति एकापरिवारका सदस्यहरु प्रतिवादी शारदा देबी सिंह र प्रतिवादी जीवन बहादुर सिंहको नाउमा समेत राखी घरजग्गा खरिद, बिक्री गरी एवं सम्पत्तिको स्रोत, प्रकृति र स्वरुप समेत एकरुपबाट अर्को रुपमा बदल्न वा परिवर्तन गर्न बिभिन्न कम्पनीहरुमा लगानी गरी प्रतिवादी सुरेन्द्र बहादुर सिंहले साबिक सम्पत्ति शुद्धीकरण (मनि लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ४ को देहाय खण्ड (ख), साबिक सम्पत्ति शुद्धीकरण (मनि लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को (पहिलो संसोधन, २०६८) को दफा ४ को देहाय खण्ड (क) र (ङ) एवं ऐ.ऐ. को दफा २८ र प्रचलित सम्पत्ति शुद्धीकरण (मनि लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को अनुसुची मा व्यवस्थित खण्ड (द), (भ) र (ष) समेतको कसुर अपराध गरी प्राप्त गरेको सम्पत्तिको गैरकानुनी स्रोतको रुपान्तरण परिवर्तन हस्तान्तरण लगायतका निषेधित कार्यहरु गरी गराई सम्पत्ति शुद्धीकरणको कसुर गरेको तथ्य पुष्टि हुन आएकाले निजलाई कुल विगो रु. २७,६७,७८,६५६.०१।- (सत्ताईस करोड सतसठ्ठी लाख अठहत्तर हजार छ सय छपन्न रुपैंया एक पैसा) ऐ. को उपदफा (३) वमोजिम सम्पत्ति शुद्धीकरण गरी स्रोत खुल्न नसकेको सम्पत्ति धारण गरी गराई सम्पत्ति शुद्धीकरणको कसुर गरेको पुष्टि भएकोले प्रतिवादी सुरेन्द्र बहादुर सिंहलाई घरजग्गा, फर्म कम्पनी समेतमा लगानी रहेको गरी हुन आउने रकमको कुल रु. २७,६७,७८,६५६.०१।-(सत्ताईस करोड सतसठ्ठी लाख अठहत्तर हजार छ सय छपन्न रुपैंया एक पैसा) वीगो कायम गरी साबिक सम्पत्ति शुद्धीकरण(मनी लाउण्डरिङ्ग) निवारण ऐन २०६४ को दफा ३० को उपदफा १ को देहाय खण्ड (क) एवं साबिक सम्पत्ति शुद्धीकरण(मनी लाउण्डरिङ्ग) निवारण ऐन २०६४ को (पहिलो संसोधन,२०६८) को दफा ३० को उपदफा (२) एवं प्रचलित

सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन २०६४ को दफा ३० को उपदफा (१) वमोजिम जरिवाना र कसुरको मात्रा अनुसार कैद सजाय हुनका साथै प्रतिवादी सुरेन्द्र वहादुर सिंहले सुचक संस्था गिल्ट ईन्भेष्टमेन्ट प्रा.ली.को जिम्मेवार संचालक पदाधिकारी रही सम्पत्ति शुद्धीकरणको कसूरजन्य कार्य गरे, गराएको देखिंदा निजका हकमा साबिक सम्पत्ति शुद्धीकरण(मनी लाउण्डरिङ्ग) निवारण ऐन २०६४ को दफा ३० को उपदफा (१) को देहाय खण्ड (ख) एवं साबिक सम्पत्ति शुद्धीकरण(मनी लाउण्डरिङ्ग) निवारण ऐन २०६४ को(पहिलो संसोधन २०६८) को दफा ३० को उपदफा (४) र प्रचलित सम्पत्ति शुद्धीकरण(मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ३० को उपदफा (७) वमोजिमको थप सजाय हुन र निजका नाउँमा रहे भएका सम्पत्तिहरु तथा साधनहरु जफत गरी पाउन र निजले कसुरबाट प्राप्त गरी प्रतिवादी श्रीमती शारदा देवी सिंहका र छोरा जीवनबहादुर सिंहका नाउँमा राखेका विभिन्न सम्पत्तिहरु जफत गरी पाउन र अर्का प्रतिवादी जयन्ति थापाले मिति २०७५।०५।१७ गते गिल्ट इन्भेस्टमेन्ट प्रा.लि. रु.२५ करोडमा खरिद बिक्री गरेको कारोवारमा संलग्नता जनाई सो कम्पनीको स्वामित्व समेत धारण गरी मुख्य प्रतिवादी सुरेन्द्र बहादुर सिंहलाई सम्पत्ति शुद्धीकरणको कसुर गर्नमा सहयोग, सहजीकरण र मिलोमतो वा मद्दत गरी प्रचलित सम्पति शुद्धीकरण(मनि लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ३ को उपदफा (२) ले निषेधित कसुर गरेकोले प्रतिवादी जयन्ती थापा मगरलाई सम्पति शुद्धीकरण (मनि लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ३ को उपदफा (२) को कसूरमा सम्पति शुद्धीकरण (मनि लाउण्डरिङ्ग)निवारण ऐन २०६४ को दफा ३० को उपदफा (२) वमोजिम सजाय गरी पाउन मागदावी लिई र कानूनी व्यक्ति गिल्ट इन्भेष्टमेन्ट प्रा.लि.का संचालक प्रतिवादीहरुले सम्पत्ति शुद्धीकरण सम्वन्धी कसूरजन्य कार्य गरी उक्त प्रा.लि.को नाममा रहेको निम्न बैंक खातामा मौज्दात राखेको नगद रकम रु.४,१४,३०४।५७(चार लाख चौध हजार तिन सय चार रुपैया सन्ताउन्न पैसा) सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरीङ्ग) निवारण ऐन, २०६४ को दफा २८ को उपदफा (२) र दफाको ३४ उपदफा (१) बमोजिम जफत गरी पाउन मागदावी लिई आज सम्मानित विशेष अदालत समक्ष अभियोग पत्र दायर गरिएको छ ।

सूचना अधिकारी